# मिति २०८०/११/०४ गते बसेको १४७ औं कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८०/१०/१५ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १ को पं.स १-अनु/सन्ध्या २०८०/०८१ मिति २०८०/१०/१९ च.नं. ४०४०२ को पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त सुझावको कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.४**

विद्युतीय माध्यमबाट आव्हान भएका रत्ननगर नगरपालिकाको ठेक्का नं. १५ देखि ठेक्का नं. २१ सम्मका तपसिल बमोजिमका योजनाहरुको प्राविधिक र आर्थिक प्रस्तावहरुको मुल्यांकन अनुमोदन गरियो सबै ठेक्काहरुको सम्झौता गरी कार्यान्वयन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| S.N | Contract Identification No. | Name of Project | Ward No. | Name of contractor | Estimate Price With vat | Bid Price with vat | Below % | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 16 | RAT/CHITWAN/works/NCB/16/2080-81 | Procurement of medicine, kit and rest for agricultural and animal used. | Nagar | | | | | not BID |
| 17 | RAT/CHITWAN/works/NCB/16/2080-81(RE) | Procurement of medicine, kit and rest for agricultural and animal used. | Nagar | | | | | Rebid |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 18 | RAT/CHITWAN/works/NCB/17/2080-81 | Providing and laying Bituminous concrete/Asphalt concrete at dumkauli tharu gau to needs of ward no. 5 and at dorangi bramsthan of ward 6. | 5 and 6 | new sb construction | 5459684.743 | 4618345.05 | 15.41 | Bishnu Prasad Dahal |
| 19 | RAT/CHITWAN/works/NCB/18/2080-81 | Construction of footpath with beautification work from Bakular chowk to Bairiya School. | 10 | U.V Engneering Consultancy and Construction | 9650261.685 | 5878057.118 | 39.09 | Ubraj shrestha |
| 20 | RAT/CHITWAN/works/NCB/19/2080-81 | Constructiopn of bituminous asphalt concrete, RCC rigid pavement and irrigation canal at ward 3,10 and 13. | 3,6,10,13 | new sb construction | 14503866.93 | 11358168.3 | 21.69 | Bishnu Prasad Dahal |
| 21 | RAT/CHITWAN/works/NCB/20/2080-81 | Constructiopn of asphalt concrete and embankment at ward 09. | 9 | National Unique Builderts Pvt.Ltd. | 5393484.025 | 4708782.95 | 12.69 | Tej nath Chaulagain |

**निर्णय नं. ५**

रत्ननगर नगरपालिका र श्री आर.एण्ड. वि. काठमाडौं बीच मिति २०८०/२/०५ गते सम्झौता भई कार्यदेश प्रदान गरिएको योजना *"Construction Of Blacktopped Asphalt Road and Nala". At Ward No.01 RAT/CHITWAN/works/NCB/21/2079/080* को योजनाको सुरु लागत अनुमान गर्दा तयार गरिएको सडक मापदण्ड बमोजिम, योजना कार्यान्वयनको समयमा स्थानीय जनसमुदायबाट सडकको अवस्था बमोजिम मापदण्ड कायम गर्न सर्वसम्मत तवरले सहमति हुन नसकेको भनि सिफारिस सहित थप कार्य गर्न उक्त वडामा तत् योजना नजिक अर्को फिल्ड नरहेको जानकारी वडाबाट प्राप्त भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा १ च बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम ३ बमोजिम योजनाको भौतिक प्रगती ९० प्रतिशत हुन नसक्ने तर आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग संचालनमा आएको देखिएकाले *Quantity VO* गरी ठेक्का फारफारक गर्न यस नगरपालिकाको सर्वोच्च कार्यकारी निकायको रुपमा रहेको नगरपालिकाको १४७ औं नगरकार्यपालिका बैठकमा पेश हुन आएकोले पेश भए बमोजिम भेरियसन आदेश जारी गर्ने निर्णय गरियो।

क्रमश:

## निर्णय नं. ६

अनुगमन समितिका संयोजक नगर उप प्रमुख श्री यादव प्रसाद पाठक ज्यूबाट पेश भएको तपसिलको योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको विवरण | वजेट श्रोत | विनियोजित वजेट | वडा नं. | कै. |
|---|---|---|---|---|---|
| १ | कभर्टहल निर्माण, सम्पन्न | नगर | १५,००,०००। | १२ | उ.स. |
| २ | दु.स.स., सम्पन्न | नगर | ५,००,००।०० | ११ | उ.स. |
| ३ | मदनमार्ग मोज्याक टायल, सम्पन्न | नगर | ५,००,०००। | ६ | ठेक्का |
| ४ | वकुलहर जयमंगला सडक सौन्दर्यकरण | नगर | १,०३,००,०००। | १० र १३ | ठेक्का |
| ५ | कृष्णसार स्थानान्तर स्थानमा बाकी काम, सम्पन्न | नगर | ४,५१,०००। | १० | उ.स. |
| ६ | कृष्णसार स्थानान्तर स्थानमा गार्ड घर, शौचालय तथा अन्य निर्माण | नगर | ४०,००,०००। | १० | उ.स. |
| ७ | मैनाहा फुटपाथ सहित नाला निर्माण | प्रदेश । नगर | ३,६३,७०,०००। | ७ | ठेक्का |
| ८ | वकुलहर, वैरिया जयमंगला सालघारी सडक फुटपाथ सहित नाला | प्रदेश।नगर | ४,७८,००,०००। | १० र १३ | ठेक्का |

## निर्णय नं. ७

नगर भित्रका सम्पूर्ण सार्वजनिक जग्गा मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ को सरकारी सार्वजनिक सामुदायिक सम्पती सम्बन्धी व्यवस्थाका सम्बन्धमा दफा २२९, ३०१, ३०२, ३०३, ३०४ र ३०४ को दफा २ र ३ बमोजिम नापी नक्सामा कायमा भएका तथा नभएका वा समुदाय स्तरको सामुहिक हितका लागि प्रयोग हुने गरी छुट्टाइएको कुलो लगायतको संरचनालाई समेट्ने गरी स्थानीय समुदायको माग र हित बमोजिम सुरुमा जुन प्रयोजनमा रहेको हो सो संरचनामा भविष्य सम्म फरक नपर्ने गरी त्कालिन रुपमा संरचना निर्माण गर्न सकिने निर्णय गरियो।

## निर्णय नं. ८

रत्ननगर नगरपालिका वडा नं. १४ मा रहेको साविक पिठुवा ५/क कि.नं.१९९८ को सार्वजनिक अवस्थामा रहेको जग्गा सोही अवस्थामा रहेमा वरपरका जग्गाधनीहरुबाट मिचिने डर रहेकाले सोही वडाको संरक्षण रहने गरी लालीगुँरास टोल विकास संस्थाको भवन निर्माण गर्न सम्बन्धित वडाबाट सिफारिस भई आएकाले माग बमोजिम सम्बन्धित वडाको संरक्षणमा रहने गरी भवन निर्माणका लागि सहमती दिने निर्णय गरियो।

क्रमश:

CamScanner

## निर्णय नं. ९

यस नगरपालिकाका नगर प्रमुख प्रलाद सापकोटाज्यूको बिशेष अनुरोधमा रत्ननगर नगरपालिका र भरतपुर महानगर पालिका वडा नं. १० स्थित चितवन मेडिकल कलेज प्रा. लि. का बीच रत्ननगर नगरपालिकाका स्वास्थ्य संस्थाबाट रिफर भएका वा स्वेच्छाले सि एम सि अस्पतालमा उपचार गर्न चाहाने नगरवासीहरुलाई उक्त अस्पतालमा नगर प्रमुख, नगर उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा अस्पतालको सेवाहरुमा २० प्रतिशत, फार्मेसिको औषधीमा ७ प्रतिशत र उक्त अस्पतालमा CTEVT द्वारा पठाइने अ.हे.व., अ.न.मी., ल्या.टे. जस्ता पि. सि. एल् लेबलमा पढ्ने विपन्न गरिब र जेहेन्दार नगरवासी विद्यार्थीहरुका लागि १० प्रतिशत छुट दिने भनि प्रस्ताव पेश भएकोमा पेश भए बमोजिम २०८४/१२/३० सम्म लागु हुने गरी द्विपक्षीय सम्झौता गर्ने निर्णय गरियो।

## निर्णय नं. १०

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्तीहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क्र स | आर्थिक सहयोग पाउने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|
| १ | श्री भगटी मल्लाह | रनपा-०८ | मुटु तथा फोक्सो खराब | वडा नं.०८ को कार्यालय | १००००/- |
| २ | श्री फुल माया वि.क. | रनपा-९ | लडेर खुट्टा भाच्चिएको (आर्थिक अवस्था कमोजर) | वडा नं.९ को कार्यालय | २००००/- |
| ३ | श्री राजकुमार दंगाल | रनपा १२ | ब्लडपेसरले हानेर अपाङ्ग भएको (आर्थिक अवस्था कमजोर) | वडा नं. १२ को कार्यालय | १००००/- |
| ४ | श्री सिता दुलाल | रनपा १३ | मृगौला समस्या (आर्थिक अवस्था कमजोर) | वडा नं. १२ को कार्यालय | १००००/- |

## निर्णय नं. ११

पूर्वी चितवन जिल्ला समितिले मिति २०८०/१०/१४ गते रत्ननगर नगरपालिका वडा नं. २ टाडी चोकमा संचालन गरेको जनचेतनामुलक कार्यक्रमको लागि आर्थिक सहयोग माग भई आएकाले उक्त कार्यक्रमका लागि अन्य संघ/संस्था सहायता शिर्षकबाट व्ययभार पर्ने गरी न्यू नेसन्लन टेन्ट हाउस रनपा २ लाई रु.१९९००/- ( उन्नाईस हजार नौ सय मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

क्रमशः